स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यस्तो लाग्छ, 'छक्का पञ्जा ५'को सफलतापछि अभिनेत्री वर्षा सिवाकोटीको भाग्य नै बलेको छ। अहिले उनको फिल्ममा उच्च माग देखिन्छ। एकपछि अर्को फिल्ममा उनी अनुबन्धित भइरहेकी छन्। फिल्ममा माग बढेसँगै उनले पारिश्रमिक पनि बढाएको चर्चा छ। यतिबेला नयाँ फिल्म 'माग्ने राजा' को प्रचारमा व्यस्त रहेकी वर्षाले साउनपछि काम गर्नुपर्ने फिल्मको संख्या मात्र चार पुगेको छ।

**आजको विचार...**



प्रतिष्ठाको...

*(दुई पेजमा)*

पुरुषोत्तम पोखरेल



फिल्म उद्योगमा अभिनेता अनमोल केसीको पारिश्रमिकको चर्चा सधैं हुने गर्छ। फिल्म 'फर्की फकी'मा उनले ५० लाख पारिश्रमिक लिएको र करबापत उनले ७ लाख ५० हजार रुपैयाँ तिरेको सार्वजनिक गरिएको थियो। अहिले भने अनमोल आफूले लिएको पारिश्रमिकको आधा बजेट अर्थात् २५ लाखमा निर्माण हुने फिल्म 'बाटुलो जुन' अभिनय गर्ने भएका छन्। सनराइज पिक्चर्स प्रालिको नामबाट चलचित्र विकास बोर्डबाट निर्माण इजाजत लिइएको फिल्मको निर्माता जिया केसी हुन्।


❐ वर्ष ३० ❐ अंक ३४९ ❐ २०८२ असार ३० गते सोमबार 14 July 2025, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पामा पहिरो र भू-क्षय रोक्न 'बायो इञ्जिनियरिङ प्रविधि'

**रामचन्द्र रायमाझी/रासस——**

**तानसेन (पाल्पा),** असार २९/तानसेनमा 'बायो इञ्जिनियरिङ प्रविधि' मार्फत पहिरो तथा भू-क्षय नियन्त्रण गर्न थालिएको छ । तानसेनस्थित लामिडाँडाको सडकमा बायो इञ्जिनियरिङ प्रविधि प्रयोग गरी पहिरो रोकथाम र भू-क्षय नियन्त्रण गर्न थालिएको हो ।

तानसेन नगरपालिका-६ वडा कार्यालयको स्रोतसाधन व्यवस्थापन, भू तथा जलाधार संरक्षण कार्यालयको प्राविधिक सहयोग, सडक डिभिजन कार्यालयको आर्थिक सहयोगमा पहिरो जोखिम क्षेत्रमा बायो इञ्जिनियरिङ प्रविधि प्रयोग गरिएको तानसेन-६ का वडाध्यक्ष सागरमान महर्जनले जानकारी दिए । उनका अनुसार यो प्रविधिमार्फत ढुङ्गा, माटो, घाँसलगायत वस्तुको प्रयोग गरी पहिरो खस्ने क्षेत्रमा रोकथाम र जोखिम व्यवस्थापनको कार्य गरिन्छ । "यहाँ पहिरोका कारण दुई घर र विद्यालय जोखिममा रहेका थिए । पहिरोबाट घर र विद्यालय जोगाउन बायो इञ्जिनियरिङअन्तर्गत बाँस, अम्रिसो, घाँस रोपिएको हो", उनले



भने । पहिरोका कारण घर र विद्यालय जोखिममा परेपछि क्षति न्यूनीकरण गर्ने उद्देश्यले यो प्रविधि प्रयोग गरिएको बताउँदै वडाध्यक्ष महर्जनले अहिलेसम्म दुई पटक भारी वर्षा भए पनि माटो जमेर बसेकाले पहिरो तथा भू-क्षय रोकथाम भएको विश्वास लिइएको उल्लेख गरे । तत्काल ३५ मिटर लम्बाइमा बाँसको वाल उठाएर पहिरो तथा भू-क्षय रोकथाम नियन्त्रणको प्रयास गरिएको निर्माण कम्पनी सिल्ट कष्ट्रक्सन तिनाउका प्रोपाइटर प्रकाश श्रेष्ठले जानकारी दिए । उनले भने, "पाँच/छ मिटर गहिराइमा बाँस गाडिएको छ, यसले माटो बग्नलाई रोक्छ ।" श्रेष्ठका अनुसार बायो इन्जिनियरिङले भू-क्षय, पहिरो जानबाट रोक्नुका साथै हरियाली बनाउने भएकाले यो प्रभावकारी उपाय हुनसक्ने धारणा राखे । उनले यो प्रविधिमार्फत निर्माण गरिएका संरचना र आसपासका क्षेत्रमा पानीले माटो बगाएर नोक्सान हुनबाट जोखिने बताए । "हिउँदमा हावाले माटो उडाउने समस्या पनि यसले रोक्ने छ । माटोको करिब पाँच इन्च माथिको भागमा रुख बिरुवाका जराले समाएर बलियो बनाउनका लागि बायो इन्जिनियरिङ प्रविधि प्रयोग गरिन्छ । हेर्दा सामान्य देखिए पनि माटो काट्ने समस्या अन्त्य गर्न नयाँ संरचना निर्माण गर्ने क्षेत्रमा यो प्रविधि महत्वपूर्ण र प्रभावकारी हुनेछ", उनले भने । यो प्रविधि पहाडी क्षेत्रमा प्रभावकारी भएको श्रेष्ठको भनाइ छ । पछिल्लो समय पहाडका कतिपय ठाउँहरूमा यो प्रविधि प्रयोग गरी पहिरो र भू-क्षय रोक्ने प्रयास थालिएको बताउँदै उनले यो सरल, तुलनात्मक रूपमा कम खर्चिलो र प्रभावकारी देखिएको उल्लेख गरे । लामिडाँडा क्षेत्रमा बस्ने स्थानीय पानी पर्न साथ ढुक्कले कहिल्यै सुत्न पाएनन् । तर यस पटक भने बायो इञ्जिनियरिङ प्रविधिमार्फत गरिएको रोकथामले पहिरो रोकिएपछि भने ढुक्कले सुत्न पाएका छन् ।

## संक्षिप्त समाचार

### आपतकालीन खोपले मृत्युदर मा ६० प्रतिशत कमी

**(रासस/एएफपी)——**

**जेनेभा,** असार २९/विगत २५ बर्षमा हैजा, इबोला र दादुराजस्ता रोगको प्रकोपको समयमा दिइने आपतकालीन खोपले यस्ता रोगबाट हुने मृत्युमा करिब ६० प्रतिशतले कमी आएको एक नयाँ अध्ययनले देखाएको छ । खोपका कारण त्यति नै सङ्ख्यामा सङ्क्रमणलाई पनि रोकथाम गरिएको विश्वास गरिएको छ । यसका लागि अर्बौं अनुमानित आर्थिक लागत खर्च भएको जनाइएको छ । अध्ययनलाई सहयोग गर्ने गाभी भ्याक्सिन एलायन्सले अस्ट्रेलियाको बर्नेट इन्स्टिच्युटका अनुसन्धाताहरूसँग सहकार्य गरेर सार्वजनिक स्वास्थ्य र विश्वव्यापी स्वास्थ्य सुरक्षामा आपतकालीन खोप प्रयासको ऐतिहासिक प्रभावबारे विश्वको पहिलो नजर तानेको बताएको छ । गाभीकी प्रमुख सानिया निस्तारले एक विज्ञप्ति जारी गर्दै भनेका छन्, "पहिलो पटक हामी मानवीय र आर्थिक हिसाबले केही घातक सङ्क्रामक रोगको प्रकोपविरुद्ध खोपको प्रयोगबाट हुने फाइदाको विस्तृत मापन गर्न सक्षम भएका छौँ ।" विज्ञप्तिमा भनिएको छ, "यो अध्ययनले विश्वले प्रकोपबाट सामना गरिरहेको बढ्दो जोखिमको लागत प्रभावी प्रतिकारको रूपमा खोपको शक्तिस्पष्ट रूपमा देखाउँछ ।" बेलायती मेडिकल जर्नल (बीएमजे) ग्लोबल हेल्थमा यसै साता प्रकाशित अध्ययनमा सन् २००० देखि २०२३ को बीचमा निम्न आय भएका ४९ देशमा हैजा, इबोला, दादुरा, मेनिन्जाइटिस र एलो फिभरजस्ता पाँच वटा सङ्क्रामक रोगका २१० वटा प्रकोपको परीक्षण गरिएको थियो ।

# ४८ वर्षीय पुरुष मृत फेला



**पाल्पा,** असार २९/यहाँ एक पुरुष मृत फेला परेका छन् । जिल्लाको बगनासकाली गाउँपालिका-१ भलुवाचौर निवासी ४८ वर्षीय मानबहादुर गाहा मृत फेला परेका हुन् ।

घर नजिकै खोल्सामा गाहा घोप्टो परेको अवस्थामा मृत फेला परेका जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सन्दीप बेल्वासेले जानकारी दिए । खेतमा धान रोप्दै गरेका खेतलाले देखेपछि प्रहरीलाई खबर गरेका थिए । खबर लगत्तै जिल्लाबाट गएको प्रहरी टोलीले शव उठाई पोष्टमार्टको लागि जिल्ला अस्पताल पढाएको थियो । अहिले पोष्टमार्टमपछि शव परिवारको जिम्मा लगाइएको प्रहरी निरीक्षक बेल्वासेले बताउनुभयो । घटनाको विषयमा थप अनुसन्धान भइरहेको छ ।

विहान घरबाट हिडेका गाहा एक्कासी मृत अवस्थामा फेला परेको खबरले वडा शोकमा रहेको वडा अध्यक्ष शेरबहादुर चिदीले बताए । उनका अनुसार गाहा दुई भाइ छोरासँगै बस्दै आएका थिए । उनका दुई छोरा, एक छोरी र श्रीमति रहेका छन् । श्रीमति भने विदेशमा बस्दै आएकी छन् ।

# अवैध लागूऔषध सहित १२ जना पक्राउ

**पाल्पा,** असार २९/देशका विभिन्न स्थानबाट अवैध लागूऔषध सहित प्रहरीले १२ जनालाई पक्राउ गरेको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रूपन्देही, सुर्खेत, सुनसरी, सिराहा, मकवानपुर, मोरङ, कैलालीका विभिन्न स्थानबाट अवैध लागूऔषध सहित १२ जनालाई प्रहरीले पक्राउ गरेको हो ।



प्रहरीले रूपन्देहीको रोहिणी गाउँपालिका-३ धकधई चोक नजिकबाट अवैध लागूऔषधसहित एक जनालाई पक्राउ गरेको छ । नियन्त्रित लागूऔषध स्पास्मो ३९ ट्याब्लेट र नाईट्रोसन ३ ट्याब्लेट सहित सोही ठाउँ बस्ने २४ वर्षीय हलिम अन्सारीलाई प्रहरीले पक्राउ गरेको हो । इलाका प्रहरी कार्यालय धकधईबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । यस्तै सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-११ सुब्बकुनाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ९ ग्राम ३ सय ५० मिलिग्राम सहित सोही नगरपालिका-१२ चनौटे बस्ने जाजरकोट जुनिचाँदे गाउँपालिका-२ का २४ वर्षीय युवराज शाहीलाई प्रहरीले पक्राउ गरेको छ । यस्तै सुनसरीको धरान उपमहानगरपालिका-८ अरूण टोलबाट नियन्त्रित लागूऔषध ट्रामोल १ सय ६२ ट्याब्लेट र ट्रामाडोल ३ ट्याब्लेट सहित धरान उपमहानगरपालिका-८ बस्ने ३५ वर्षीय उज्वल तामाङ समेत ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## मौद्रिक नीतिको अपेक्षा

नेपाल राष्ट्र बैंकले आ.व २०८२/०८३ का लागि मौद्रिक नीति सार्वजनिक गरेको छ । ऐन कानुनमा भएको व्यवस्था अनुरूप २०५८ सालदेखि केन्द्रीय बैंकको रूपमा नेपाल राष्ट्र बैंकले वार्षिक रूपमा मौद्रिक नीति सार्वजनिक गर्दै आएको हो । यसपटकको मौद्रिक नीतिलाई केहीले सकारात्मक बताएका छन् भने कतिपयले आफूलाई निराश बनाएको गुनासो पनि आउन थालेको छ । मौद्रिक नीतिले देशको अर्थतन्त्रमा पार्ने प्रभावका बारेमा विभिन्न पक्षबाट आफू अनुकूल विश्लेषण गरिएको छ । यसको नतिजा भोलिका दिनमा देखिने नै छ । किनकि मौद्रिक नीतिले देशको अर्थतन्त्रमा विभिन्न प्रकारका प्रभावहरू पार्न सक्छ । सरकारले लिएका नीति, योजना तथा कार्यक्रमको प्रभावकारी कार्यक्रमका निम्ति केन्द्रीय बैंकले आगामी एक वर्षका लागि वित्तीय नीति ल्याउने गरेको छ । विशेष गरी मौद्रिक नीतिको मुख्य उद्देश्य मुलुकको मुद्रास्फीति नियन्त्रण गर्नु, रोजगारीको स्तर सुधार्नु, आर्थिक वृद्धि कायम राख्नु र वित्तीय स्थिरता सुनिश्चित गर्नु हो । अर्थतन्त्रका विभिन्न पक्षलाई प्रत्यक्ष र अप्रत्यक्षरूपमा प्रभाव पार्ने मौद्रिक नीतिले आर्थिक स्थायित्व कायम गर्न मद्दत गर्नुपर्ने सैद्धान्तिक मान्यता छ ।

यस पटकको मौद्रिक नीतिमार्फत राष्ट्र बैंकले ब्याजदर करिडोरको तल्लो र माथिल्लो सीमा ०.५ प्रतिशत बिन्दुले घटाएको छ । यसले निक्षेपको ब्याजदर झनै घट्छ, ऋण दिन मिल्ने रकम बजारमा थुप्रिन्छ र बैंकहरूको नाफा बढ्छ । ब्याजदर कम हुने भएकाले यो व्यवस्थाले निक्षेपकर्ता मर्कामा पर्ने र भारतलगायत देशमा पुँजी पलायनको सम्भावना पनि देखिन्छ । कर्जा माग बढ्यो भने त ठीकै छ,बिस्तारै ब्याजदर पनि बढ्न सुरु हुन्छ । ब्याजदर न्यून हुँदा पनि कर्जा प्रवाह हुन नसकेको बलियो प्रमाण यस वर्ष हो । यसकारण धेरै कर्जा विस्तारका लागि अर्थतन्त्रमा ठूलो धक्का (बिग पुस) आवश्यक देखिन्छ । निजी आवासीय घर निर्माण र खरिद गर्न प्रवाह गर्ने कर्जाको सीमा दुई करोडबाट तीन करोड कायम गरिएको छ । पहिलो घर निर्माण र खरिद गर्न कर्जा लिँदा सम्पत्तिको मूल्यको बढीमा ८० प्रतिशतसम्म र अन्य कर्जाको हकमा बढीमा ७० प्रतिशतसम्म ऋण पाइने भएको छ । बैंक तथा वित्तीय संस्थाबाट सेयर धितोमा प्रवाह हुने व्यक्तिगत कर्जाको अधिकतम सीमा २५ करोड बनाइएको छ । विद्यमान कर्जाको वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था अध्ययन गरी आवश्यकतानुसार पुनरावलोकन गरिनेछ । १० लाखसम्म कृषि वा व्यावसायिक कर्जा प्रवाह गर्न सक्ने, यस्तो कर्जाको ग्रेस अवधिमा न्यूनतम कर्जा नोक्सानी व्यवस्था गरिएको छ । अहिले अर्थतन्त्रका बाह्य सूचकहरू निकै बलियो रहे पनि आन्तरिक अर्थतन्त्रमा अपेक्षित सुधार छैन । अर्थतन्त्रलाई चलायमान बनाउन धेरै समस्याका प्वाल टाल्नुपर्ने अवस्था छ । तसर्थ मौद्रिक नीतिले त्यसतर्फ ध्यान दिने छ भन्ने अपेक्षा गर्न सकिन्छ ।

### Opinion @ Social Network

चित्र बिक्ने बजारमा

चरित्रले बजार नपाउनु स्वभाबिक नै हो ।

*(धामी कान्छुको फेसबुक स्टाटस https://www.facebook.com/Dhami.Kanxu)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# प्रतिष्ठाको दौडमा हरायो बालापन



पुरुषोत्तम पोखरेल

*बच्चा जन्मेको तीन वर्षभित्रै स्कूल भर्ना, किताबको बोझ, होमवर्क, टेस्ट, ट्यूसन, अंक र प्रमाणपत्रको प्रतिस्पर्धात्मक चक्रव्यूहमा फस्न थाल्छन् । बालबालिकाको स्वाभाविक प्राकृतिक विकासलाई छाडेर हामी उनीहरूलाई एउटा यान्त्रिक साँचोमा हाल्ने प्रयासमा लागिरहेका हुन्छौं । जो असफल भएमा अभिभावकको सपना चकनाचूर हुन्छ भन्ने त्रासमा रहन्छन् । उनीहरू चाहन्छन् कम समयमा बढी प्रतिफल प्राप्त गर्न सकियोस् भन्ने मानसिकताबाट गुज्रिरहेका हुन्छन् ।*

२०८१ सालको एसईई परीक्षाफल सार्वजनिक भएपछि विगतका वर्षमा झैं यस वर्ष पनि सामाजिक सञ्जालहरू उत्सवको मञ्च बन्न पुगे । आफ्ना सन्तानले उच्च अंक ल्याएको खुशीमा हरेकजसो अभिभावकले सामाजिक सञ्जाल रङ्ग्याएका थिए । बधाईको ओइरो र खुशी साटासाटको नयाँ माहोलका दृश्य हेर्दा लाग्छ- शिक्षा जीवनमार्ग होइन, प्रतिस्पर्धा जित्ने खेलमैदान बन्न पुगेको छ । ती अबोध बालबालिकाको स्कूल भर्नाकालदेखि एसईई नसकुन्जेलसम्म अधिकांश बालबालिका मानसिक, शारीरिक र भावनात्मक रूपले सास्ती खेप्दैछन् । तर, बालअधिकार मिचिएका ती सन्तानहरूबाट समाजमा नाम, प्रतिष्ठा र पुरस्कार कमाउने होडबाजीमा अभिभावक लाग्नु न्यायसंगत हो त ? लेख यसैमा केन्द्रित रहनेछ ।

**बालापनको हरण :** बाल्यकाल मानिस जीवनको आधारशिला हो । जसले व्यक्ति निर्माणमा गहिरो प्रभाव पार्छ । यो अवस्थामा बच्चाहरुमा शारीरिक वृद्धि विकाससँगै संसार बुझ्ने तीव्र इच्छा पलाएको हुन्छ । किन र कसरी जस्ता प्रश्न बारम्बार दोहोरह्याउने गर्छन् । यो अवस्थामा उनीहरू अरूको आचरणको अनुकरण गर्ने भएकोले उनीहरूलाई अभिभावक परिवार र आफन्तको संरक्षण र वात्सल्यता अत्यन्तै आवश्यक पर्छ । तर, हिजोआज अवस्था फेरिएको छ । हिजोआज बाल्यकाल एक किसिमले अपहरणमा परेको प्रतीत हुन्छ । बच्चा जन्मेको तीन वर्षभित्रै स्कूल भर्ना, किताबको बोझ, होमवर्क, टेस्ट, ट्यूसन, अंक र प्रमाणपत्रको प्रतिस्पर्धात्मक चक्रव्यूहमा फस्न थाल्छन् । बालबालिकाको स्वाभाविक प्राकृतिक विकासलाई छाडेर हामी उनीहरूलाई एउटा यान्त्रिक साँचोमा हाल्ने प्रयासमा लागिरहेका हुन्छौं । जो असफल भएमा अभिभावकको सपना चकनाचूर हुन्छ भन्ने त्रासमा रहन्छन् । उनीहरू चाहन्छन् कम समयमा बढी प्रतिफल प्राप्त गर्न सकियोस् भन्ने मानसिकताबाट गुज्रिरहेका हुन्छन् ।

**शिक्षामा प्रदर्शनको प्रवृत्ति :** शिक्षाको मूल उद्देश्य थियो व्यक्तिको सर्वाङ्गीण विकास, विवेक विस्तार, समाजप्रतिको दायित्व र जीवनोपयोगी ज्ञान। अफशोच ! ती उद्देश्यहरू अब ओझेलमा पर्दै गएका छन् । शिक्षालाई हामीले कति नम्बर ल्यायौं ? भन्ने प्रश्नमा खुम्च्याएका छौं । आफ्ना सन्तानले फोर जीपीए ल्याए त्यसलाई उत्कृष्ट अभिभावकत्वको तक्मा भिराइदिन्छौं । यस्तो सोच र चिन्तनले बालबालिकालाई 'मूल्यमा' होइन उपलब्धिमा मात्र तौलन सिकाएको हुन्छ । **अभिभावकको घोडादौड :** बालबालिकाको पढाइमा ध्यान दिनु राम्रो हो, तर अहिलेको स्थितिमा हामी आफ्ना सन्तानलाई आफ्ना अधुरा सपना पूरा गर्ने र समाजबाट प्रतिष्ठा आर्जन गर्ने माध्यम बनाइरहेका हुन्छौं। मेरा छोराछोरी डाक्टर-इन्जिनियर नबने त के काम ? भन्ने चिन्तनले बालबालिकाको स्वतन्त्रता, रुचि र आत्मसम्मानलाई कुल्चिरहेका हुन्छौं। धेरै स्कूले केटाकेटीहरू आफ्नो रुचि र खुशी बिर्सेर अभिभावकको आकांक्षा पूरा गर्ने दौडमा हुन्छन् । यो ठीक त्यस्तै हो, जसरी घोडादौडमा इनाम जित्न घोडसवारले चाबुक हानेर कुदाउँछ । स्मरणरहोस् घोडाले आफ्ना मालिकलाई खुशी पार्न दौडिएको होइन, ऊ त केवल चाबुकको पीडाले कुदेको हो । अचेल हाम्रा बालबालिकाको अवस्था पनि यस्तै भयावह बन्न थालेको छ । यहाँ कसैका सन्तानलाई घोडा या अभिभावकलाई मालिक बनाएर दृष्टान्त देखाउन खोजिएको त होइन । तर, हाम्रो शिक्षा नीति र प्रणालीमा रहेको कमजोरीका कारण उत्पन्न परिणामतर्फ इङ्गित गर्न खोजिएको हो । यसले शिक्षाको नाममा भइरहेको व्यवसायीकरण र समाजमा हुर्कंदो गलत प्रवृत्तिलाई पनि इङ्गित गर्न खोजिएको मात्र हो । हामीले खोजेको शिक्षा केवल किताबी नबनोस्, बरु आनीबानी, बौद्धिकता र व्यवहारमा देखिने शिक्षा होस् भन्न खोजिएको हो ।

**शिक्षा प्रणालीको त्रुटि :** हाम्रो पाठयक्रम सिर्जनात्मक छैन, बरु परीक्षाकेद्रित छ। जसका कारण बालबालिका रट्न बाध्य छन् । बालबालिकाको उमेर अनुसारको उत्सुकता, खेल, सृजनात्मक र जिज्ञासालाई सम्बोधन गर्न सकेको छैन। बालशिक्षा रटाइभन्दा रमाइलो र सृजनात्मक क्रियाकलाप उन्मुख सिकाइ हुनुपर्छ । बालबालिकालाई बालमैत्री सिकाइ वातावरण सृजना गर्न अत्यन्तै जरूरी हुन्छ । तर, समावेशी जीवनोपयोगी व्यावसायिक वा सृजनशील शिक्षाको कुरा भाषणमै सीमित छ। बालमैत्री सिकाइ वातावरण तयार पार्ने भनिए पनि व्यवहारमा उत्तीर्ण/अनुत्तीर्णको धारिलो विभाजन अझै कायमै छ । शिक्षक, विद्यालय, परीक्षा बोर्ड र शिक्षा मन्त्रालय सबै अंकका आधारमा सफलता नाप्न अभ्यस्त छन् । यस्तो प्रणालीले समावेशिता, विविधता र सृजनशीलता हराउँदै गएको छ । यसैगरी, निजी विद्यालय र सार्वजनिक विद्यालय बीचको गहिरो खाडलले शैक्षिक क्षेत्रमा विभेद बढाउँदै लगेको छ । निजी विद्यालयमा पढ्ने सन्तानले राम्रो अंग्रेजी, सुविधा र अवसर पाइरहेका छन् भने ग्रामीण भेगका कतिपय सरकारी स्कूलहरूमा खस्कँदो एसईई नतिजाले विद्यार्थीमा नैराश्यतालाई बढाएको छ । अझै पनि ग्रामीण क्षेत्रका सरकारी स्कूलका बालबालिका आधारभूत पठनपाठन क्षमता नपाई ग्रेडमा मूल्यांकन भइरहेका छन् । यस्तो विषमताले दीर्घकालीन रूपमा सामाजिक असमानतालाई जन्माउने पक्का छ । यसरी पूँजी र लगानीमा आधारित शिक्षा नीतिले यो देशमा पास र फेल, धनी र गरिब, नागरिक र रैती उत्पादन गर्ने विभेदलाई बढाएको छ भन्दा शायद अतिशयोक्ति नहोला ।

**संस्कारविहीन सिकाइ :** शिक्षामा कति जानियो ? भन्दा पनि शिक्षाले चरित्र निर्माण गर्न कति सघायो भन्ने हेरिनुपर्छ। शिक्षाले संस्कार निर्माण गरोस्, त्यसले जीवन सहज बनाओस् र देश निर्माणमा नागरिकलाई अग्रसर पारोस्। अफसोच ! शिक्षा संस्कारविहीन र जीवनविमुख बन्दै गएको छ । बालबालिकाले अंकको परीक्षा पास त गर्छन् तर जीवनको परीक्षा पास गर्न सक्दैनन् । उनीहरूसँग अंक हुन्छ, तर आत्मविश्वास हुँदैन । डिग्री हुन्छ, तर जीवन चल्दैन । हामीले शैक्षिक प्रमाणपत्रको मूल्य त राख्यौं तर मानवता, नैतिकता, करूणा, सहिष्णुता, चरित्रनिर्माण, श्रमको सम्मान, प्रकृतिप्रतिको प्रेम, ज्येष्ठ नागरिकप्रतिको सम्मान, संस्कृति, परम्परा जस्ता मूल्यहरू उपेक्षित बनाएका हुन्छौं ।

**बालश्रम र पढाइ :** अझै पनि हाम्रा थुप्रै बालबालिका श्रममा संलग्न छन्। एकातिर बालबालिका अनावश्यक प्रतिस्पर्धाको चपेटामा छन्, भने अर्कोतिर कोही पढ्न नपाएर ग्यारेज, होटल, रेस्टुरेन्ट तथा घरेलु कामदारको रूपमा तथा गाउँघरमा आर्थिक अवस्थाको कारण गाईवस्तु, भेडाबाखा चराएर पेट पाल्न विवश रहेका बालबालिका अझै पनि शिक्षाको उज्यालो घामबाट वञ्चित रहनुपरेको यथार्थलाई बिर्सन सकिन्न। त्यसैले शिक्षामा समावेशी पहुँच नहुँदासम्म शैक्षिक समानताको सुगारटाइको तुक देखिँदैन ।

**मानसिक स्वास्थ्य र दबाब :** शैक्षिक दबाबका कारण अहिले बालबालिकामा डिप्रेशन, आत्मग्लानि, त्रास, तनाव र आत्महत्यासम्मका घटना देख्न थालिएका छन । धेरै केटाकेटी पढाइको नाममा निद्रा गुमाउँछन्, साथी बनाउँदैनन् र मेशिन झैं व्यवहार देखाउन थाल्छन् । यस्तो अवस्थामा जीवन बनाउने होइन, जीवन अलमलाउने आजको शिक्षा विश्वमा नबिक्ने खोस्टे साबित भएको छ । जबकि, शिक्षाले व्यक्ति, समाज र राष्ट्रलाई समृद्ध र सशक्त बनाउन सक्नुपर्थ्यो ।

**विकल्पको खोजी :** फिनल्यान्ड जस्तो देशहरूले बालमैत्री, खेलमुखी, परीक्षणविहीन, प्रारम्भिक शिक्षा अपनाएका छन् । त्यहाँका विद्यार्थीहरू ७ वर्षपछि मात्र विद्यालय जान्छन्, होमवर्क छैन, प्रतिस्पर्धामा होइन, सहकार्यमा आधारित शिक्षा हुन्छ । त्यसको परिणामस्वरूप उनीहरू सन्तुलित, आत्मविश्वासी र सृजनशील व्यक्तित्व विकास गर्न सफल भएका छन् । हामी नेपालीले पनि शिक्षानीतिमा संरचनागत सुधार गरेर सृजनशील एवं स्वावलम्बी बन्न सक्नुपर्छ । प्रत्येक अभिभावकले आफ्ना सन्तानलाई प्रतिस्पर्धाको आधारमा नभई आफ्नै माटो र हावापानी सुहाउँदो शिक्षामा जोड दिनुपर्छ, जसले आफ्ना प्वाँख फैलाएर उडान भर्न सक्षम बनाओस्। उनीहरूको रुचि, क्षमता र स्वाभाविक विकासलाई सम्मान गर्दै विद्यालयले पनि सिकाइ ज्ञान सामूहिकता, सहकार्य र संस्कारयुक्त पाठ्यक्रममा जोड दिन सक्नुपर्छ । नेपाल सरकारले पनि शिक्षा प्रणालीको पुनरावलोकन गर्दै बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्न शिक्षामा मानसिक स्वास्थ्य, जीवन सीप, कला, खेलकुद र सामाजिक मूल्यहरूलाई अनिवार्य रूपमा समावेशी गरिनुपर्छ । तब मात्र समाजले परीक्षा पासभन्दा बढी 'मान्छे बनेको छ कि छैन' भन्ने प्रश्न उठाउन सक्नुपर्छ । शिक्षा जीवन बाँच्न सिकाउने माध्यम हो, दौड जित्ने कुनै खेल होइन। हामीले आफ्ना सन्तानलाई घोडा दौडमा उभ्याएर पुरस्कार जित्ने या समाजमा प्रतिष्ठा बढाउन बाध्य पार्नुहुँदैन। हामीले सोच्नुपर्छ- सन्तानले विद्यालयमा प्रथम ल्याउँदा हामी किन खुशी हुन्छौं ? के विद्यार्थी स्वयं खुशी छ ? ऊ आफैं थकित त छैन ? यस्ता तमाम प्रश्नहरूप्रति हामीले पुन: घोत्लिन जरूरी छ । यदि साँच्चै हामी आफ्ना सन्तानलाई संस्कारयुक्त असल मान्छे बनाउन चाहन्छौं भने हामीले उनीहरूमा स्वतन्त्र, संवेदनशील र विवेकशील मान्छे बन्ने बाटो खोल्नुपर्छ । शिक्षाको यो घोडादौड अब रोकिनुपर्छ । चाबुक होइन, करूणा चलाऔं । दबाब होइन, प्रेरणा दिऔं । प्रमाणपत्र होइन, जीवन र संस्कार बाँडौं। अझ सारमा भन्नुपर्दा शिक्षा यस्तो होस् जसले बाल अधिकारको ख्याल राखोस्, मुटुमा संस्कार रोपोस् र हातमा कला-सीप जन्माओस्। तब मात्र शिक्षाले अन्धकार मेटाउने उद्गार प्रमाणित हुन सक्छ ।

*-अनलाइन खबर डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नोकरीमा पदोन्नतिका संकेत देखिएका छन्। प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ। | **तुला** : मित्रताको बन्धन कसिनेछ। साधन चलाउँदा सावधान रहनुहोला। |
| **वृष** : सावधानी पूर्वक कार्य गर्नुहोला। बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। | **वृश्चिक** : प्रशस्त लाभ उठाउन सकिनेछ। अप्ठ्यारा कार्यहरू सजिलै सम्पादन हुनेछन्। |
| **मिथुन** : शत्रुहरूले आशा देखाएर दुःख देलान्। प्रतीक्षित नतिजा कमजोर रहेको छ। | **धनु** : अरूको विश्वास जित्न सकिनेछ। घरेलु कामकाजमा बढी व्यस्त भइनेछ। |
| **कर्कट** : दाम्पत्य जीवन सुमधुर रहनेछ। साझेदारी व्यापारमा लाभ रहनेछ। | **मकर** : नयाँ दायित्व निर्वाहमा सफल भइनेछ। चिताएका कार्य सम्पादन हुनेछन्। |
| **सिंह** : कार्यक्षेत्रमा संघर्षको राम्रो परिणाम मिल्नेछ। स्वास्थ्यलाई लिएर सावधान रहनुहोस्। | **कुम्भ** : नयाँ अवसरहरू मिल्नेछन्।स्वास्थ्य कमजोर देखिएको छ सचेत रहनुहोस्। |
| **कन्या** : परोपकारको भावना जागृत हुनेछ। दुःख वा कष्टमा सन्तान सहयोगी हुनेछन्। | **मीन** : निवेशहरूबाट लाभ उठाउन सकिनेछ।रोकिएको कार्यमा पुन:गति मिल्नेछ। |

## शिक्षा

# त्रिविले ल्यायो २८ अर्ब १२ करोडको बजेट



त्रिभुवन विश्वविद्यालयको आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि २८ अर्ब १२ करोड ५७ लाख २१ हजारको बजेट पास गरिएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा बसेको त्रिवि सभाले आगामी आर्थिक वर्षको बजेट पास गरेको हो । रजिस्ट्रार प्राडा केदारप्रसाद रिजालले सभामा बजेट वक्तव्य प्रस्तुत गरेका थिए । उनले प्रस्तुत गरेको बजेट जुन चालु आर्थिक वर्षको तुलनामा ७.४८ प्रतिशतले बढी हो । उक्त बजेटमा त्रिविको आफ्नै स्रोतबाट ४९.३९ प्रतिशत र नेपाल सरकारबाट ५०.६१ प्रतिशत हुनेछ । त्रिविले आन्तरिक स्रोतबाट १३ अर्ब ८८ करोड ९३ लाख ७२ हजार र नेपाल सरकारबाट १४ अर्ब २३ करोड ६३ लाख ४९ हजार रुपैयाँ रहेको छ । कुल बजेटको ८५.१२ प्रतिशत र पुँजीगत खर्चतर्फ कुल प्रस्तावित बजेटको १४.८८ प्रतिशत हुन आउनेछ । नेपाल सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि १२ अर्ब ८१ करोड ५५ लाख ४१ हजार रुपैयाँ अनुदान छुट्याएको छ । उक्त रकमको अवस्थालाई हेर्दा प्रस्तावित बजेटमा १ अर्ब ४२ करोड ९ लाख ८ हजार रुपैयाँ कम हुने देखिएको छ । महँगी भत्ता वृद्धि गरे अनुरूप त्रिविका शिक्षक तथा कर्मचारीका लागि सोही व्यवस्था अनुसार उपलब्ध गराउनुपर्ने भत्ता र यस वर्षको आवश्यक ग्रेड रकम समावेश नगरिएको रजिस्ट्रार रिजालले बताए । त्यसका लागि आवश्यक थप रकम करिब ६३ करोड र बाँकी न्यून बजेट ७९ करोड ८ लाख ८ हजार गरी कुल १ अर्ब ४२ करोड ०८ लाख ०८ हजार नेपाल सरकारबाट थप व्यवस्था गर्नुपर्ने उनको भनाई थियो । उक्त रकम नेपाल सरकारबाट प्राप्त हुन नसकेमा सञ्चालन खर्चमा व्यवस्था भएको रकम कटौती गर्नु पर्ने बाध्यात्मक अवस्था सिर्जना हुने उनको भनाई थियो । शिक्षक तथा कर्मचारीलाई प्रविधिमैत्री बनाउँदै दक्षता अभिवृद्धि गर्नका निम्ति तालिम, सेमिनार तथा गोष्ठीका लागि १७ करोड ४३ लाख ४० हजार विनियोजन गरिएको छ । अनुसन्धान तथा विकासका लागि यो वर्ष ३७ करोड ७ लाख २३ हजार छुट्याएको छ । कूल बजेटको १।३१ प्रतिशत रकम अनुसन्धान कार्यमा खर्च गर्ने व्यवस्था मिलाएको छ । यस वर्ष सूचना प्रविधि प्रशासनिक संयन्त्र व्यवस्थापनको लागि २ करोड विनियोजन गरिएको छ ।

*-रातोपाटी डटकम*

# विद्यार्थीको मनोबल गिराउने कक्षाकोठाको 'रुखो वचन'



'कस्तो लट्ठु ! यति पनि नजान्ने के गरेर खान्छस् ? तैँले पढेर खाँदैनस् !' यी कक्षाकोठामा धेरै विद्यार्थीहरूले सुनिरहने वाक्य हुन्, जुन शिक्षकले पढाइमा कमजोर भनिने विद्यार्थीलाई गर्ने गालीहरू हुन् । स्कुले जीवन पार गरेर आएका धेरैजसोले यसको अनुभव गरेकै होलान् । आफैँले यस्ता गाली नखाएपनि कक्षाको अर्को साथीलाई भनेको त पक्कै सुनेकै हुनुपर्छ । अनुभव गरेको सम्भवत: अहिले पनि यी शब्दहरू कक्षाकोठाबाट हराएका छैनन् । कक्षामा विद्यार्थीको गल्ती वा कमजोरी देखाएर प्रयोग गरिने यस्ता अपमानजनक शब्दहरू, जस्तै 'लट्ठु', 'मन्द बुद्धि', 'नालायक' आदि, केवल गालीका रूपमा सीमित हुँदैनन् । यस्ता शब्दले विद्यार्थीको मनोविज्ञानमा गहिरो असर गर्छ । उनीहरूको आत्मविश्वासलाई कमजोर बनाउँछन् । उदाहरणका लागि, जब शिक्षकले होमवर्क नगरेको वा गलत जवाफ दिएको आधारमा विद्यार्थीलाई तिखो शब्दले प्रहार गर्छन्, त्यसले विद्यार्थीमा 'म असक्षम छु' भन्ने भावनाको विकास गर्छ । यो भावनाले दीर्घकालीन रूपमा विद्यार्थीको आत्मविश्वास र उत्साहलाई घटाउँछ, जसले उनीहरूलाई सामाजिक र शैक्षिक रूपमा पछाडि धकेल्न सक्छ । आत्मविश्वासको कमीले विद्यार्थीलाई हरेक चुनौतीसँग डराउन सिकाउँछ । जस्तै, अग्लो ठाउँमा उभिँदा लड्ने डरले कसैको आत्मविश्वास डगमगाउँछ, त्यसरी नै कक्षामा बारम्बार गाली र आलोचना सुन्दा विद्यार्थी आफ्नो क्षमतालाई लिएर शंका गर्न थाल्छ । उनीहरूले आफूलाई असफल ठान्न थाल्छन् र अवसरहरू खोज्न डराउँछन् । शिक्षकहरूले यस्ता शब्दहरूको प्रयोगमा सावधानी अपनाउनुपर्छ । यस्ता शब्दहरूले विद्यार्थीलाई प्रोत्साहन गर्नुको सट्टा उनीहरूको मनोबल तोड्छ । सकारात्मक र रचनात्मक प्रतिक्रियाले विद्यार्थीको आत्मविश्वास बढाउन सकिन्छ, जसले उनीहरूलाई चुनौतीहरूको सामना गर्न सक्षम बनाउँछ । तसर्थ, शिक्षण प्रक्रियामा संवेदनशीलता र सकारात्मक दृष्टिकोण अपनाउनु आवश्यक छ, ता कि विद्यार्थीहरूको आत्मविश्वास र सम्भावनालाई प्रोत्साहन गर्न सकियोस् । विद्यार्थीलाई अपमानजनक शब्दहरूले मात्र होइन, बेवास्ता गरिएको अनुभूतिले पनि गहिरो चोट पुऱ्याउँछ । शिक्षा प्रणालीमा शिक्षकहरूको ध्यान र समर्थनले विद्यार्थीको मानसिक र शैक्षिक विकासमा ठूलो प्रभाव पार्छ । कक्षा कोठामा बालबालिकालाई दिइने ध्यान र आत्मविश्वासले उनीहरूको मानसिक र शैक्षिक विकासमा गहिरो प्रभाव पार्छ । हरेक बच्चा विशेष हुन्छ, तर कक्षामा शिक्षकहरूले प्राय: 'स्मार्ट' वा 'जान्ने' बच्चाहरूलाई बढी ध्यान दिने र उदाहरणको रूपमा प्रस्तुत गर्ने गर्छन् । यसले गर्दा अन्य बच्चाहरू, जो पछाडि छन् वा कम आत्मविश्वास भएका छन्, तिनीहरूले उपेक्षित भएको महसुस गर्नसक्छन् । यस्तो उपेक्षा र कम ध्यानले बच्चाहरूमा हीनताबोध, ग्लानि र आत्मविश्वासको कमी पैदा गर्छ, जसले उनीहरूको सिकाइ प्रक्रियालाई अवरुद्ध गर्छ । बालबालिकाले शिक्षकलाई आफ्नो आदर्श मान्छन् र शिक्षकको व्यवहारले उनीहरूको मनोवैज्ञानिक अवस्थामा ठूलो प्रभाव पार्छ । जब बच्चालाई पर्याप्त ध्यान दिइँदैन वा उसको नाम उदाहरणमा लिइँदैन, उसले आफूलाई कमजोर र अयोग्य ठान्न थाल्छ । यस्तो अवस्थाले बच्चाको मनमा गहिरो पीडा र निराशा उत्पन्न गर्छ, जुन उसले व्यक्त गर्न पनि सक्दैन । उदाहरणका लागि, यदि शिक्षकले कक्षामा बारम्बार केही बच्चाहरूको मात्र प्रशंसा गर्छन् भने, अन्य बच्चाहरूले आफूलाई मूल्यहीन ठान्न सक्छन्, जसले उनीहरूको सिक्ने उत्साहलाई कम गर्छ । यसको विपरीत, यदि बच्चालाई निरन्तर ध्यान र प्रोत्साहन दिइयो भने, उसको आत्मविश्वास बढ्छ । आत्मविश्वासले बच्चालाई आफ्ना कमजोरीहरू व्यक्त गर्न र गल्तीहरूबाट सिक्न प्रेरित गर्छ । शिक्षकले सबै बच्चालाई समान रूपमा मूल्य दिंदा, उनीहरूमा सकारात्मक सोच र आत्मविश्वासको विकास हुन्छ, जसले उनीहरूको शैक्षिक र व्यक्तिगत जीवनमा दीर्घकालीन सकारात्मक प्रभाव पार्छ । त्यसैले, शिक्षकहरूले कक्षामा हरेक बच्चालाई समान ध्यान दिने, उनीहरूको सानो-सानो प्रगतिलाई पनि कदर गर्ने, र सबैलाई समान रूपमा उदाहरणको रूपमा प्रस्तुत गर्ने वातावरण बनाउनुपर्छ । यसले बच्चाहरूमा हीनताबोध र ग्लानिको सट्टा आत्मविश्वास र सिक्ने जोस पैदा गर्छ, जसले उनीहरूको समग्र विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ । शिक्षकहरूको आलोचनात्मक शब्दहरूले विद्यार्थीहरूमा पार्ने मनोवैज्ञानिक प्रभाव शिक्षकहरूले विद्यार्थीहरूलाई होमवर्क नगरेको, पाठ कण्ठ नगरेको वा अन्य कमजोरीका लागि प्रयोग गर्ने आलोचनात्मक शब्दहरू, जस्तै 'लट्ठु', 'पढ्नै जान्दैन', 'यसले के गरेर खान्छ ?' आदिले विद्यार्थीहरूको मनोबल र आत्मविश्वासमा गहिरो नकारात्मक प्रभाव पार्न सक्ने बालबालिका तथा किशोर किशोरी मनोचिकित्सक डा. उत्कर्ष कार्की बताउँछन् । उनी भन्छन् 'यस्ता शब्दहरूले, चाहे नियत राम्रो भए पनि, भावनात्मक दुर्व्यवहारको रूप लिन सक्छ, जुन शारीरिक वा यौन दुर्व्यवहार जस्तै गम्भीर हुन सक्छ, तर प्राय: यसलाई बेवास्ता गरिन्छ ।' सबैलाई समान ध्यान, प्रोत्साहन र सम्मान दिने वातावरणले मात्र विद्यार्थीहरूको आत्मविश्वास बलियो हुन्छ, र उनीहरू शैक्षिक तथा व्यक्तिगत जीवनमा अघि बढ्न सक्छन् । त्यसैले-शिक्षकहरू शब्द र व्यवहारमा संवेदनशील बन्नुपर्छ । शिक्षकको एक वाक्यले भविष्य बनाउन सक्छ, वा भत्काउन पनि ।

*-अनलाइन खबर डटकम*

# विदेशी अनुभवसहित शिक्षा रूपान्तर




वर्षौंसम्म अमेरिका बसेर आफ्ना व्यावसायिक सीप र क्षमताको प्रभावशाली प्रयोग गर्दै सफलता प्राप्त गर्नुभएका विकास सैन्जु अब नेपाल फर्किएर शैक्षिक क्षेत्रमै नवीन सोच र आधुनिक दृष्टिकोणसहित सक्रिय हुनुहुन्छ । हाल उहाँ काठमाडौंस्थित नासा कलेजमा प्रमुख कार्यकारी निर्देशक (सिइओ) का रूपमा कार्यरत हुनुहुन्छ । उहाँको कुशल नेतृत्वमा सो संस्था नयाँ उचाइमा पुग्दै गएको छ । व्यवस्थापनमा उहाँले भित्र्याएको नवीनता, अन्तर्राष्ट्रिय अनुभव र प्रगतिशील शिक्षण पद्धतिले विद्यार्थी, अभिभावक र शिक्षकहरूबीच उत्साह र भरोसा पैदा गरिरहेको छ । नेपालको शैक्षिक प्रणालीमा गुणस्तरीय सुधार आवश्यक रहेको वर्तमान अवस्थामा विदेशमा आर्जन गरिएको अनुभवसहित सैन्जुजस्ता व्यक्तित्वहरूको योगदान महत्वपूर्ण मानिएको छ ।

हाल नासा कलेजमा ७० भन्दा बढी जनशक्तिलाई रोजगारी दिइएको छ । उहाँ अमेरिका बसाइमा केवल उद्यमशीलताको अभ्यासमा सीमित हुनुभएन । बरु व्यवस्थापन, कर्मचारी नेतृत्व, सेवाको गुणस्तर र ग्राहक सन्तुष्टिमा आधारित सोच विकास गर्नुभयो । 'मैले व्यवसायबाट सिकेको सबै कुरा अब म शिक्षामा लगानी गर्दैछु,' उहाँ भन्नुहुन्छ, 'उत्कृष्ट प्रणाली, स्पष्ट लक्ष्य र टिमवर्कले जुनसुकै क्षेत्र बदल्न सक्छु ।' उहाँ निकट भविष्यमा कलेजलाई अन्तर्राष्ट्रिय साझेदारीमा जोड्ने, विदेशी विश्वविद्यालयहरूसँग सहकार्य गर्ने र ग्रामीण तथा पिछडिएको क्षेत्रका प्रतिभाशाली विद्यार्थीहरूलाई अवसर दिने दीर्घकालीन योजनामा हुनुहुन्छ । विकास सैन्जुजस्ता उद्यमशील र दूरदर्शी व्यक्तित्वले शिक्षा प्रणालीमा गहिरो परिवर्तन ल्याउन सक्ने प्रमाणित हुन्छन् । अमेरिका बसाइमा व्यावसायिक सफलता हासिल गरेपछि देश फर्केर शिक्षा रूपान्तरणमा जुट्नु साँच्चिकै प्रेरणादायी कार्य हो । 'जहाँ पनि सफल हुन सकिन्छ तर जन्मभूमिको सेवा भने सधैं विशेष हुन्छ,' विकास सैन्जु भन्नुहुन्छ । नेपालको शिक्षामा नयाँ उचाइ ल्याउने यो यात्रा अब सशक्त नेतृत्वका साथ अघि बढ्दैछ विकास सैन्जुको दृष्टिकोणले मार्गदर्शन गरिरहेकै छ । गुणस्तरीय शिक्षाको पर्याय: नासा कलेज पछिल्लो डेढ दशकदेखि नेपाली शिक्षा क्षेत्रमा नवप्रवर्तन गर्दै आएको नासा कलेज आज गुणस्तरीय शिक्षाको प्रतिष्ठित गन्तव्यका रूपमा स्थापित भएको छ । प्रतिस्पर्धात्मक शुल्कमा अन्तर्राष्ट्रियस्तरको शिक्षा दिने उद्देश्यले स्थापना भएको यस कलेजले हजारौं विद्यार्थीलाई उज्ज्वल भविष्यको बाटो देखाउँदै आएको छ । काठमाडौंको गैरीगाउँ, तीनकुनेमा अवस्थित नासा कलेजले प्लस टु तहमा विज्ञान र व्यवस्थापन साथै त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धित स्नातक तहका बिबिएस र बिएएस डब्लु जस्ता स्नातक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । विसं. २०६७ मा संस्थापक अध्यक्ष प्रकाश थापाको दूरदर्शी नेतृत्वमा स्थापित कलेजले सुरुदेखि नै शिक्षाको गुणस्तर, व्यावहारिक सीप र विद्यार्थीको समग्र विकासमा जोड दिएको छ । नासा कलेजले स्मार्ट क्लास रूम, अत्याधुनिक प्रयोगशाला, डिजिटल शिक्षण प्रणाली, होस्टेल र यातायात जस्ता आवश्यक पूर्वाधार उपलब्ध गराउँदै आएको छ । हालै निर्माण गरिएको आधुनिक भवनमा अन्तर्राष्ट्रियस्तरको शैक्षिक वातावरण तयार गरिएको छ, जसले विद्यार्थीलाई अनुसन्धान, नवप्रवर्तन र दीर्घकालीन लक्ष्यमा केन्द्रित रहन सहयोग पुऱ्याउँछ ।

कलेजले शैक्षिक कार्यक्रमसँगै अतिरिक्त र सह-पाठ्यक्रम गतिविधिहरूमा समेत विशेष प्राथमिकता दिँदै आएको छ । शिक्षालाई केवल किताबी ज्ञानमा सीमित नराखी व्यावहारिकता र सिर्जनशीलता विकासमा केन्द्रित रहने कलेजको लक्ष्य छ । एआई जस्ता नवीन प्रविधिको उपयोगमार्फत् शिक्षण प्रणालीलाई अझ प्रभावकारी बनाउँदै कलेजले विद्यार्थीलाई भविष्यका चुनौतीका लागि तयार पार्दैछ । व्यक्तित्व विकास, नेतृत्व दक्षता र व्यावसायिक सफलता हासिल गराउन नासा कलेजले सफल व्यक्तिहरूसँग अन्तरक्रिया, सेमिनार तथा कार्यशालाहरूसमेत नियमित सञ्चालन गर्दै आएको छ । शिक्षा क्षेत्रमा स्थापित यो संस्थाले गुणस्तर, पहुँच र नवप्रवर्तनको सन्तुलनमार्फत् आफूलाई एक अग्रणी शैक्षिक संस्थाका रूपमा प्रमाणित गरिसकेको छ ।

*-इहिमालय टाइम्स डटकम*

# कक्षाकोठालाई वस्तुभाउबाट जोगाउन विद्यालयमा घेराबार



यहाँको षडानन्द नगरपालिका १० रिड्डाबोटमा रहेको चण्डीका आधारभूत विद्यालयलाई घेराबारा गरिएपछि पठनपाठनमा सहजता भएको छ । एकान्तमा रहेको विद्यालयमा पशुचौपाया तथा मानिसहरुले उपद्रो गर्दा विद्यालयमा क्षति पुग्दै आएको अवस्थामा घेराबारा गरिएपछि सहजता भएको हो । विद्यालय क्षेत्रमा पशुचौपाया चराउन ल्याउदा पठनपाठनमा असहजता भइरहेको अवस्थामा घेराबाराले सहजता भएको विद्यालयका प्रधानाध्यापक प्रशुराम कार्कीले बताए । मुलबाटो छेउको विद्यालय भएकाले घेराबारा भएपछि विद्यालय सञ्चालनमा सहजता भएको उनको भनाइ छ । नजिककै हाटबजार लाग्ने भएकाले मादक पदार्थ खाएर मानिसहरु प्रबेश गरिदिँदा धेरै समस्या रहेकोमा अहिले सहजता भएको उनको भनाइ छ । 'विद्यालयको घेराबारा नहुँदा धेरै समस्या थियो' उनले भने, 'विद्यालयको चौरमा गाइवस्तु पसिदिँदा विद्यार्थीलाई अभ्यासमूलक शिक्षणमा समस्या हुन्थ्यो । विद्यालयमा अनावश्यक मानिसहरुको प्रवेश हुँदा शिक्षण सिकाईमा असर पुगेको अवस्था थियो । घेराबारा भएपछि विद्यालयको भौतिक सम्पतिको सुरक्षासँगै पठनपाठनमा सहजता छ ।' घेराबारा नहुँदा विद्यालय सञ्चालनमा समस्या भएपछि वडाले रु.दुई लाख बजेट विनियोजन गरेर घेराबारा लगाएको वडाध्यक्ष पेमदोर्ची शेर्पाले बताए । विद्यालयसँगै विद्यार्थीको सुरक्षाको लागि अन्य कामलाई थाती राखेर विद्यालयको घेराबारा गरिएको उनले भनाइ छ । 'वडामा सीमित बजेट हुन्छ' वडाध्यक्ष शेर्पाले भने, 'स्थानीयको माग धेरै छ । घेराबारा नुहँदा विद्यालय सञ्चालनमा समस्या भएपछि अन्य कामलाई थाती राखेर यो काम गरेका हौं । घेराबारा गरिएपछि विद्यालय सञ्चालनमा सहजता छ ।' वडाले स्थानीयको माग र आवश्यकताको आधारमा विकासका कामलाई अघि बढाएको उनको भनाइ छ । वडाको काममा पारदर्शिता ल्याउन वर्षभरी सञ्चालन भएका काम र भावी दिनमा हुन लागेका योजना लाई स्थानीय भेला गरेर सार्वजनिक सुनुवाईमार्फत जानकारी दिँदै आएको उनको भनाइ छ । *-रासस*

# क्रिकेटर लामिछानेको सम्मानमा रङ्गशाला बन्दै



**वालिङ (स्याङ्जा),** असार २९/नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्वकप्तान रहेका क्रिकेटर सन्दीप लामिछानेको सम्मानमा स्याङ्जामा क्रिकेट रङ्गशाला बनाउन सुरू गरिएको छ । स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-५ आरुचौरमा जन्मिएका क्रिकेटर लामिछानेको सम्मानमा सोही वडाको थाप्लेमा गाउँपालिकाले रङ्गशाला बनाउन सुरू गरेको हो ।

गाउँपालिका कार्यालयको लगानी तथा अगुवाइमा स्थानीयहरूको जनश्रमदानसहित रङ्गशाला निर्माण सुरू भएको गाउँपालिकाका अध्यक्ष प्रकाश तिवारीले बताए । डाँडाको टुप्पो तर समथर रहेको सार्वजनिक गौचरनलाई क्रिकेट मैदान बनाउने गरी चालु आर्थिक वर्ष २०८१/८२ देखि बनाउन सुरू गरेको उनले बताए । "चालु आवदेखि गाउँपालिकाको लागत तथा स्थानीयहरूको जनश्रमदानमा रङ्गशाला बनाउन सुरू गरेका हौँ", उनले भने, "अहिले मैदान बनाउने ठाउँलाई सम्याउने काम भएको छ, वर्षा लागेकाले तत्काललाई काम रोकेका छौँ, वर्षा सकिएपश्चात् कामलाई तीव्र गतिमा अगाडि बढाएर सम्पन्न गर्छौं ।" समुद्री सतहदेखि १९०७ मिटरको उचाइमा यो ठाउँ रहेको छ । निर्माणाधीन मैदानलाई 'नाइन्टिन ओ सेभेन अरिना' नाम दिएको उनले बताए । मैदान बीच भागबाट चारैतिर ४५ मिटर वृत्ताकारमा फैलिएको छ । राष्ट्रियस्तरको मैदानका लागि आवश्यक पर्ने मापदण्डलाई पूरा हुने गरी निर्माण भइरहेको छ । मैदानमा पीच बनाउनका लागि क्रिकेटसँग सरोकार राख्ने जिल्ला, प्रदेश तथा केन्द्रीय नेतृत्वकर्ता, अनुभवीहरूको परामर्शमा काम भइरहेको छ । अहिले देश तथा विदेशमा आफ्नो र देशको नामलाई परिचित गराउन सफल क्रिकेटर सन्दीपको जन्म यसै ठाउँमा भएकाले उनको सम्मान सँगसँगै नयाँनयाँ प्रतिभा उत्पादन गर्नका लागि पनि यसले महत्वपूर्ण भूमिका खेल्ने विश्वास अध्यक्ष तिवारीको छ । "क्रिकेट मैदान निर्माणाधीनस्थलबाट झण्डै आधा घण्टाको दूरीमा दक्षिण एसियाकै पहिलो सामुदायिक घरबास (होमस्टे)को रूपमा पहिचान बनाएको सिरुबारी गाउँ रहेको छ", गाउँपालिकाका अध्यक्ष तिवारीले भने, "यस क्षेत्रमा क्रिकेट र पर्यटनलाई सँगसँगै जोडेर अगाडि लैजान सकिने देखिएको छ ।" क्रिकेट मैदान निर्माण सम्पन्न भएसँगै यस ठाउँमा राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिता सञ्चालन गर्ने तयारी छ । पछिल्लो समय युवामाझ लोकप्रिय बन्दै गइरहेको नयाँ नयाँ प्रतिभाको प्रतिभाको खोजी गर्दै प्रतिभा बाहिर ल्याउन सहयोग पुग्ने धारणा गाउँपालिकाका अध्यक्ष तिवारीको छ । उनका अनुसार अभ्यासका लागि छुट्टै ठाउँ बनाइने छ । *- रासस*

## खेलकुद समाचार


### एमएलएसमा मेसीको अर्को कीर्तिमान



**काठमाडौं,** असार २९/अर्जेन्टाइन सुपरस्टार लिओनल मेसीले मेजर लिग सकर (एमएलएस) मा उत्कृष्ट प्रदर्शनलाई निरन्तरता दिएका छन् । मेसीले लगातार पाँचौं खेलमा एकभन्दा बढी गोल गर्दै कीर्तिमानलाई थप बलियो बनाएका छन् । यसअघि उनले लगातार चार खेलमा एक गोलभन्दा बढी गोल गरेर कीर्तिमान बनाएको थिए । पछिल्लो खेलमा मेसीले अर्को 'डबल' (दुई गोल) गरेपछि इन्टर मायामीले न्यासभिललाई २-१ गोल अन्तरले पराजित गऱ्यो । अर्जेन्टिनाका विश्वविजेता फरवार्ड मेसीले खेलको पहिलो र दोस्रो हाफमा एक-एक गोल गरे । खेलको १७ औं मिनेटमा मेसीले सटिक फ्रि-किक मार्फत गोलको खाता खोलेका थिए । दोस्रो हाफको सुरुवातमै विपक्षी टोलीका लागि हानी मुख्तारले गोल गर्दै खेल बराबरीमा ल्याए । तर, खेलको ६२ औं मिनेटमा मेसीले आफ्नो जादु फेरि देखाए । उनले न्यासभिलका गोलकिपर जो विलिसले फुस्काएको पासलाई बीचमै खोसेर गोल गरे । जुन गोल खेलको निर्णायक गोल बन्यो । योसँगै उनी १६ खेलमा १६ गोल गर्दै एमएलए को सर्वाधिक गोलकर्ताको सूचीमा न्यासभिलकै साम सरिजसँग बराबरीमा छन्। मेसीले कीर्तिमानी बनाउने क्रममा पाँचै खेलमा दुई-दुई गोल गरेका हुन् । यो यात्रा मे महिनामा मोन्ट्रियल र कोलम्बसविरुद्धको जितबाट सुरु भएको थियो । त्यसपछि क्लब विश्वकपमा सहभागी भएर एमएलएसमा फर्किएपछि उनले फेरि मोन्ट्रियल, न्यु इंग्ल्यान्ड रिभोलुसन र अहिले न्यासभिलविरुद्ध लगातार 'डबल' गोल गर्दै आफ्नो कीर्तिमानी यात्रा पूरा गरेका हुन् । यो जितसँगै मायामी पूर्वी क्षेत्रको अंक तालिकाको स्थानमा यथावत् छ । तर, अब उसले शीर्ष स्थानमा रहेको फिलाडेल्फियासँगको अंक दूरी मात्र ५ अंकमा झारेको छ । यद्यपी मायामीले तीन खेल कम पनि खेलेको छ ।

## अर्थ/कर्पोरेट समाचार

# २९ अंकले बढ्यो नेप्से



**पाल्पा,** असार २९/साताको पहिलो दिन नेप्से २९ अंकले बढेको छ । आइतबार एक दशमलव शून्य ६ प्रतिशतले बढेर नेप्से २७ सय ६० दशमलव ८० विन्दुमा उक्लिएको छ ।

मौद्रिक नीतिको प्रभाव नेप्सेमा परेको हो । नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/०८३ को मौद्रिक नीतिले सेयर धितो कर्जा,घरजग्गा र वित्तीय क्षेत्रका लागि खुकुलो नीति ल्याएपछि त्यसको प्रभाव सेयर बजारमा परेको लगानीकर्ताहरू बताउँछन् । मौद्रिक नीतिमा व्यक्तिगत सेयर धितो कर्जाको सीमा २५ करोड पुऱ्याएको छ । यसअघि यस्तो कर्जाको सीमा १५ करोड थियो । साताको पहिलो दिन कुल १ सय ५८ कम्पनीको सेयर मूल्य बढ्यो भने ९० कम्पनीको मूल्य घट्यो । बजार खुल्नासाथ नेप्से २९ सय ९७ दशमलव ५८ विन्दुमा पुगेको फर्किएको थियो । कुल १ लाख ५ हजार ४ सय १५ पटकको कारोबारबाट ११ अर्ब ४१ करोड रुपैयाँको सेयर कारोबार भएको छ । कुल ३ करोड २५ लाख ९२ हजार कित्ता सेयर किनबेच भयो । समग्र नेप्से परिसूचक बढेपनि जलविद्युत्, लगानी, निर्जीवन बिमा अन्य र व्यापार उपसमूह घटेको छ । दुई कम्पनीको सेयर सकारात्मक सर्किट लाग्यो । एनआईसी एसिया बैंक र खानीखोला हाइड्रोपावरको सेयर ९.९९ प्रतिशतले बढ्यो । जीवन विकास लघुवित्त वित्तीय संस्थाको ९ दशमलव ६१ प्रतिशतले बढ्दा नेस्डो समृद्धि लघुवित्त वित्तीय संस्थाको ७ दशमलव ३० प्रतिशत र समाज लघुवित्त वित्तीय संस्थाको सेयर ६ दशमलव ५० प्रतिशतले बढ्यो । हिमालयन हाइड्रोपावरका लगानीकर्ताले भने यसदिन सर्वाधिक गुमाए । सो कम्पनीको सेयर ९दशमलव ९३ प्रतिशतले घट्यो । राप्ति हाइड्रोपावर एण्ड जनरल कन्स्ट्रक्सनको ७ दशमलव ४४ प्रतिशतले घट्यो । ३७ करोड बढी रुपैयाँको सेयर कारोबार गरी एनआईसी एसिया बैंक शीर्ष स्थानमा रह्यो । बुटवल पावरको ३२ करोडको सेयर कारोबार हुँदा एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्टले २८ करोड,सानिमा बैंकले २५ करोड सीईडीबी होल्डिङ्सले २४ करोड मूल्य बराबरको सेयर कारोबार गरे । कारोबारमा आएका १ सय ५८ स्टक्सको मूल्य ९० वटाको घट्यो । पाँच समूहको उपसूचक घट्दा ८ वटाको घट्यो । यसदिन बैंकिङ समूह र माइक्रोफाइनान्सको उपसूचक ३ प्रतिशतले बढीले वृद्धि भयो ।

# अवैध लागूऔषध...

...अस्थायी प्रहरी पोष्ट बरगाछीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । यस्तै मोरङको विराटनगर महानगरपालिका-१४ मलाया रोडबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ सय ७४ ग्राम ३ सय १० मिलिग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही महानगरपालिका-१२ बस्ने २३ वर्षीय रोशन लाल महत्तो र भारत बिहार अररिया फुल्का थाना-२ बस्ने २१ वर्षीय पवन कुमार यादव रहेका छन् । प्रहरीले उनीहरूले प्रयोग गरेको को.३० प ४१० नम्बरको मोटरसाइकल समेत बरामद गरेको छ । यस्तै कैलालीको गोदावरी नगरपालिका-२ तेघरीबाट नियन्त्रित लागूऔषध ट्रामाडोल ३ सय ६० ट्याब्लेट सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँका ३५ वर्षीय तपेश खड्का र धनगढी उपमहानगरपालिका-५ का २६ वर्षीय दिक्पाल स्वार रहेका छन् । इलाका प्रहरी कार्यालय मालाखेती र लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय धनगढीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । यसैगरी कैलालीको धनगढी उपमहानगरपालिका-१८ फुलबारी एफ गाउँका २८ वर्षीय केदार बोहरालाई अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ११ ग्राम ८ सय ६० मिलिग्राम सहित प्रहरीले पक्राउ गरेको छ । यस्तै मकवानपुरको हेटौंडा उपमहानगरपालिका-२ पिपलबोटबाट नियन्त्रित लागूऔषध ट्रामाडोल ५२ ट्याब्लेट सहित बकैया गाउँपालिका-३ हात्तिसुडे जलजले बस्ने २३ वर्षीय कुशल खड्कालाई प्रहरीले पक्राउ गरेको छ । उक्त स्थानमा खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । उता सिराहाको सिरहा नगरपालिका-१५ इट्टा भट्टाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ४ ग्राम ७० मिलिग्राम सहित गोलबजार नगरपालिका-११ बस्ने २७ वर्षीय शषि कुमार साहलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय माडरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई